# स्थानिय राजपत्र

**मैवाखोला गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड (१) साँघु, श्रावन १५ गते २०७९ साल (संख्या ४)**

**भाग- २**


# मैवाखोला गाउँपालिकाको (एमबिबिएस) अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः२०७९।०४।१५**
**राजपत्रमा प्रकाशित मितिः२०७९।०४।१७**

# मैवाखोला गाउँपालिकाको (एमबिबिएस) अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि, २०७९

मैवाखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ

**गाउँपालिकाबाट स्वीकृत मिति: २०७९।०४।१५**

# मैवाखोला गाउँपालिकाको (एमबिबिएस) अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना: मैवाखोला गाउपालिकाको हाम्रो अस्पताल हाम्रै डाक्टर भन्ने मुल नारालाई कार्यन्वयन गर्दै भौगोलिक रुपले दुर्गम र भौतिक पुर्वाधारको कमजोर विकास भएको मैवाखोला गाउँपालिकामा प्रत्येक ५ वर्षमा एकजना डाक्टर उत्पादन गर्ने नीतिलाई साकार गर्न मैवाखोला गाउँपालिकाद्वारा स्थापित एम.बि.बि.एस. अध्ययन छात्रवृति कोषलाई कार्यन्वयन गर्न मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको,**

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " मैवाखोला गाउँपालिकाको (एमबिबिएस) अध्ययन छात्रवृति सम्बन्धी कार्यविधि २०७९" रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्या:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङका उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) "शिक्षा अधिकृत" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङका शिक्षा अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा युवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समेत सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङलाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) "सभा" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङको गाउँ सभालाई सम्झनु पर्छ।

(ज) "वडा" भन्नाले मैवाखोला गाउँपालिका, ताप्लेजुङका कुनै पनि वडालाई सम्झनु पर्छ।

(झ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ञ) " कार्यविधी" भन्नाले मैवाखोला गाउँपालिकाको एमबिबिएस सम्बन्धी कार्यविधि- २०७९ लाई सम्झनु पर्छ।

(ट) "विद्यालय" भन्नाले मैवाखोला गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

(ठ) " आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ।

## परिच्छेद-२

### एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी व्यवस्था

**१. एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइने** :- (१) नेपाल सरकार त्रिभुवन विश्वविद्यालय अन्तरगत चिकित्सा शिक्षा आयोग बाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने एकजना विद्यार्थीलाई प्रत्येक वर्ष आवास सहितको एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका दुई वा सोभन्दा बढी विद्यार्थीहरुले उपदफा (१) बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण गरेमा उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा माथिल्लो स्थानमा रहेको एकजना विद्यार्थीलाई आवास सहितको एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिमको अवस्था गाउँपालिका क्षेत्रभित्र नरहेमा उपदफा (१) बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको माथिल्लो सूचीमा समावेश ताप्लेजुङ जिल्लाभित्र बसोबास गर्ने एकजना विद्यार्थीलाई एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

२. **चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीले एमबिबिएस छात्रवृत्ति पाउन आवेदन गर्नुपर्ने** : दफा १२ मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिमा आवेदन गर्न योग्य विद्यार्थीले एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) को नजिता सार्वनजिक भएको मितिले सात दिनभित्र नेपाल सरकार त्रिभुवन विश्वविद्यालय अन्तरगत चिकित्सा शिक्षा आयोगबाट प्रकाशित एकीकृत योग्यताक्रमको सूची र देहायका कागजात सहित समितिमा आवेदन गर्नुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) एस.इ.इ. र सोभन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,
(घ) समितिले तोकेका अन्य आवश्यक विषयहरु।

३. **छात्रवृत्ति उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आशयको सूचना प्रकाशित गर्नुपर्ने** :

(१) समितिले दफा १३ बमोजिम परेका आवेदन उपर जाँचवुझ गरी छात्रवृत्तिका लागि योग्य देखिएमा एकजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृत्ति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कही कतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस ऐनको दफा १२ बमोजिमको छात्रवृत्तिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएको एकजना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

४. **कबुलियतमा गर्नुपर्ने:** यस कार्यविधिबमोजिम एमबिबिएस अध्ययन छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात कम्तीमा पाँच वर्षसम्म गाउँपालिकामै रही सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ।

५. **छात्रवृत्ति वापतको रकम बैंक खाता मार्फत भुक्तानी गरिने** : (१) यस कार्यविधि बमोजिम एमबिबिएस अध्ययन छात्रवृत्तिमा छनोट हुने विद्यार्थीका लागि सम्बन्धित शिक्षण संस्थामा लाग्ने भनी आयोगबाट निर्धारण गरिएको भर्ना शुल्क, रजिष्ट्रेशन शुल्क, मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(२) प्रत्येक वर्ष समितिको सिफारिस आवास वापतको रकम कार्यपालिकाले निर्धारण गरी सो रकम सम्बन्धित विद्यार्थीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

**द्रष्टव्य:-**

यस परिच्छेदमा उल्लिखित- "**गाउँपालिका क्षेत्रभित्रको स्थायी बसोबास**" भन्नाले आयोगबाट प्रत्येक वर्ष सञ्चालन हुने एकीकृत प्रवेश परिक्षा (एमबिबिएस) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखि निरन्तर मैवाखोला गाउँपालिका ताप्लेजुङ भित्र स्थायीरुपमा बसोबास भएको सम्झनु पर्छ।

"**ताप्लेजुङ जिल्लाभित्रको स्थायी बसोबास**" भन्नाले आयोगबाट प्रत्येक वर्ष सञ्चालन हुने एकिकृत प्रवेश परिक्षा (एमबिबिएस) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखि निरन्तर ताप्लेजुङ जिल्लाभित्र स्थायीरुपमा बसोबास भएको सम्झनु पर्छ।

## परिच्छेद-३

## छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**६.** छात्रवृत्ति व्यवस्थापन समितिको गठन : (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवम् व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ:

(क) गाउँपालिकाको अध्यक्ष — संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक — सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय (मा.वि.स्तर) का प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको एकजना — सदस्य

(च) आधारभुत अस्पताल प्रमुख — सदस्य

(छ) शिक्षा अधिकृत — सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समिति बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**७. छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजि हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्रको एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

(ख) गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गिण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीयस्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने।

(ग) यस कार्यविधि बमोजिम उपलब्ध गराइएको एमबिबिएस अध्ययन छात्रवृत्ति कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिकरुपमा कार्यपालिकामा पेश गर्ने,

(घ) एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरुबिच आवश्यक समन्वय गर्ने,

(ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने।

(च) एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यपालिकाले तोकेका कार्यहरु गर्ने।

## परिच्छेद-४
## छात्रवृत्ति कोष सम्बन्धी व्यवस्था

**८. छात्रवृत्ति कोष**: (१) यस कार्यविधिले व्यवस्था गरे बमोजिमको एमबिबिएस अध्ययन छात्रवृत्ति परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न गाउँपालिकामा एउटा छुट्टै छात्रवृत्ति कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :

(क) एमबिबिएस अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड (क) बमोजिमको कार्यका लागि दातृ निकाय तथा व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराइने रकम,

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ।

**९. कोषलाई दिगोपना गरिने**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका बखत यस कार्यविधि बमोजिम उपलब्ध एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थापित छात्रवृत्ति कोषमा एक आर्थिक वर्षभरीमा हुनसक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कायम गर्नु पर्नेछ।

**१०. कोषको खाता सञ्चालन**: कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

**११. कोषको लेखापरिक्षण**: कोषको आय र व्ययको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-५
## विविध

**१२. दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध नगराइने** : यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारको कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन।

**१३. वार्षिक प्रतिवेदन सार्वजनिक गर्नपर्ने** : समितिले यस कार्यविधिले परिलक्षित गरेको सम्पुर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र, सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

**१४. अधिकार प्रत्यायोजन गर्न सक्ने** : (१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही काम, कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केहि अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१५. बाधा अड्काउ फुकाउन सक्ने**: यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

**१६. प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. नियम, निर्देशका, मापदण्ड र कार्यविधि बनाउन सक्ने** : यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ

**१८. संशोधन गर्न सक्ने** : यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

**मैवाखोला गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को दफा......... मा व्यवस्था भएको ...................... विधाको छात्रवृत्तिका लागि छनोट भएका ....................... निवासी श्री................................ ले मैवाखोला गाउँपालिकासँग गरेको**

## कबुलियतनामा

ताप्लेजुङ जिल्ला ...................... पालिका, .... नं. वडा निवासी श्री .................................. को छोरा/छोरी वर्ष .... को म श्री ..................... ले मैवाखोला गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७८ को दफा ...... मा व्यवस्था भएको ........... विधाको छात्रवृत्तिका लागि छनोट भई श्री ..................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मिति २०....।...।... देखि सञ्चालन हुने अध्ययन कार्यक्रममा जान लागेकोले मैले मैवाखोला गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को दफा ... अनुसार मैवाखोला गाउँपालिका, ताप्लेजुङसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु ।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री .............................................................................. (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु । अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु ।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि मैवाखोला गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को पूर्णरूपमा पालना गर्नेछु ।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ..... वर्ष मैवाखोला गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु ।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन । मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही बिषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन । अध्ययन पूरा गरे पश्चत् गाउँपालिकाले खटाएको स्थानमा काम गर्नेछु । अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन ।

(ङ) माथि उल्लेखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरित कुनै कार्य गरेको प्रमाणित भएमा मैवाखोला गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु ।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा छात्रवृत्ति व्यवस्थापन समिति एवम् मैवाखोला गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु ।

**कबुलियत गराउने अधिकारी**

हस्ताक्षर:

दर्जा: प्रमुख प्रशासकीय अधिकृत

ठेगाना: मैवाखोला गाउँपालिका

कबुलियतनामा गर्ने विद्यार्थीको-

नाम,थर: श्री

हस्ताक्षर:

ठेगाना:

**रोहबरमा बस्ने-**

सम्बन्धित वडाको जनप्रतिनिधि नाम, थर: श्री

विद्यार्थी अभिभावको नाम, थर र ठेगाना: श्री

शिक्षा अधिकृतको नाम, थर: श्री

मिति: २०...।...।...

आज्ञाले,

श्री देवी तुम्वापो

प्रमुख प्रशासकीय अधिकृत

मैवाखोला गाउँपालिका, ताप्लेजुङ ।